परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष १२ ❑ अंक २६ २०८० माघ २८ गते आईतवार Sunday 11, FEB 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## छोरालाई वेपत्ता गर्ने व्यक्ति खुलेआम घुम्दै, खोजी कार्यमा प्रहरी उदासीन भएको आरोप

विराटनगर । कटहरी गाउँपालिका वडा नं. ३ बस्ने कल्पनाथ राजवंशीले मेरो छोरालाई तीन वर्ष अगाडी काम लगाई दिन्छु भनी लगरेर वेपत्ता पर्ने व्यक्ति खुलेआम घुमिरहेको छ भने छोराको खोजी कार्यमा प्रहरी प्रसाशन समेत उदासीन देखिएको आरोप लगाएको छ ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी मेरो छोरा ३५ वर्षिय राम प्रसाद राजवंशी लाई वेपत्ता पर्ने कटहरी-३ बस्ने फर्मेस भन्ने रोकी राजवंशीले वेपत्ता परेको र छोराको खोजी गर्ने कार्यमा प्रहरी प्रशासन उदासीन भएको आरोप लागाएको हो ।

पत्रकार सम्मेलमा कल्पनाथ राजवंशीले भने मेरो छोरालाई २०७७ कार्तिक ३ गते स्थानीय फर्मेस भन्ने रोकी राजवंशीले


राम प्रसाद राजवंशीको बुवा कल्पनाथ र आमा जानकीदेवी

फकाई फुलाई काम लगाई दिन्छु भन्दै हाम्रो परिवारमा कसैलाई पनि कुनै जानकारी नदिई फर्मेस भन्ने रोकी राजवंशीले हेटौंडा लगेको थियो । त्यसपछि छोरा रामप्रसाद राजवंशीसँग परिवार को सम्पर्क छैन ।

२०७७ सालमै फर्मेसका विरुद्ध मोरङ प्रहरीमा उजुरी दर्ता गराएको थिए । अहिलेसम्म फर्मेस भन्ने रोकी राजवंशीको विरुद्ध प्रहरीले कुनै कारवाही नगरेको पिडितको भनाई छ । वेपत्ता पर्ने राजवंशीका प्रहरीसंग समेत मिलोमतो रहेको भन्दै पत्रकार सम्मेलन गर्न आउँदा पनि प्रहरीको भेन पत्रकार महासंघ सम्म पछि पछि आएको समेत खुलास गरे ।

फर्मेस भन्ने रोकी राजवंशी घर आउँदा मेरो छोरा कहाँ छ भनी सोध्दा अहिले पनि काम गरि रहेको तर मेरो सम्पर्कमा नरहेको वताउँछ । पिडित परिवारले छोराको लास चाहियो कि सास भन्दै भौतारी रहेका छन् ।

छोरा वेपत्ता भएपछि ६५ वर्षीय बुवा कल्पनाथ राजवंशी ६० वर्षीय आमा जानकीदेवी राजवंशी, ३० वर्षीय श्रीमती रेखादेवी राजवंशी, ११ वर्षीय छोरा बादल राजवंशी र ७ वर्षीय छोरा आर्यन राजवंशीले विच्चलीमा परेका छन् ।

## कोशी प्रदेश सरकार, दोस्रो पटक विस्तार, ६ मन्त्रीको सपथ

विराटनगर । कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्कीले दोस्रो पटक मन्त्रिपरिषद् विस्तार गरेका छन् । सरकार विस्तारसँगै ६ जना मन्त्रीले सपथ लिएका छन् ।

विस्तारीत मन्त्रीपरिषद्मा कांग्रेसका प्रदीप सनुवार मन्त्री स्वास्थ्य, माओवादीका राजेन्द्र कार्की मन्त्री सामाजिक, कांग्रेसका रामकुमार खत्री मन्त्री उद्योग, कृषि तथा सहकारी र माओवादीका नारायणबहादुर बुर्जामगर खानेपानी, सिंचाई तथा उर्जामन्त्रीमा मुख्यमन्त्री कार्कीले नियुक्त गरेका हुन् ।

उनले दुई जना कांग्रेसका सांसदलाई राज्यमन्त्रीसमेत नियुक्त गरेका छन् । नवनियुक्त मन्त्रीलाई प्रदेश प्रमुख पर्शुराम

बांकी अन्तिम पेजमा...

## एक फरार प्रतिवादी पक्राउ

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय प्रादेशिक अनुसन्धान समूह रिटबाट खटिएको प्रहरी टोलीले लागुऔषध र चोरी मुद्धाका एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

लागुऔषध र चोरी मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०७८ पुस ९ गते र २०७९ असार २८ गतेको सजाय निर्धारण फैसला आदेशले लागुऔषध मुद्धामा ६ महिना २४ दिन कैद र चोरी मुद्धामा ८ महिना २ दिन कैद, नगद २० हजार रुपैंया जरिवाना तथा लागुऔषध मुद्धामा सम्मानित धनकुटा जिल्ला अदालतको २०७२ चैत ३ गतेको सजाय निर्धारण फैसलाले १० महिना ८ दिन कैद र नगद ४ हजार रुपैंया जरिवाना बेरुजु रही फरार रहेका धरान उप-

बांकी अन्तिम पेजमा...

## ग्रामथान संरक्षण तदर्थ समिति गठन

राजेश कुमार राजवंशी

विराटनगर । विराट राजवंशी समुदायले एक भेलाको आयोजना गरी जहदा गाउँपालिका ग्रामथान संरक्षण समिति गठन गरेको छ ।

प्राय तराई मधेशमा बसोवास गर्ने समुदायहरुको प्रत्येक टोलमा एउटा ग्रामथान हुने गर्दछ । ग्रामथानले टोल समाजको संरक्षण, किसानको बालिनालीको संरक्षण गर्ने देवताको रुपमा परापूर्वकाल देखि पूजापाठ गर्दै आएको छन् ।

हरेक टोल बस्तीमा रहेको ग्रामथानमा टोलबासीको छोरा छोरीको विवाह हुँदा अनिवार्य रुपमा ग्रामथान देवताको पूजा आजा गरेपछि मात्र विवाहको अन्य विधीहरु अगाडी बढाईन्छ । त्यसैले ग्रामथानको संरक्षण गर्नुपर्ने उदेश्यका साथ विराट राजवंशी समुदायले ग्रामथान संरक्षण समिति वनाएर ग्रामथानको संरक्षण गर्ने लागि परेका छन् ।

परापुर्व काल देखि कुल देवताको रूपमा टोलबासीहरुले वर्षको एकपटक ग्रामथानलाई पुजापाठ गर्दै आएकोले ग्रामथानसंग सरोकार राख्ने आदिवासी जनजाति समुदाय संगठित भएर ग्रामथान संरक्षणको अभियान थालेका छन । ग्रामथानमा माटोको डिसको बनाएर पुजा गर्ने गरिन्छ । ग्रामथानलाई थानको स्वरुप मठ मन्दिर जस्तो दिन् हुदैन ।

सो क्रममा जहदा गाउँपालिका वडा नं. ३ बभनटोलि स्थित लक्ष्मी आधारभुत विद्यालयमा ग्रामथान संरक्षण समिति जिल्ला मोरङ अध्यक्ष चन्द्रप्रसाद राजवंशीको नेतृत्वमा भएको भेलाले सेवक


बांकी अन्तिम पेजमा...


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

अर्जुन गिरी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय





## ग्रामथान...

नारायण राजवंशीको अध्यक्षतामा जहदा गाउँपालिका स्तरीय ग्रामथान संरक्षण समिति गठन गरेका छन्।

उक्त तदर्थ समितिको उपाध्यक्ष तेजनारायण राजवंशी, सचीवमा राजेश मण्डल, सहसचिव प्रकाश मण्डल चयन गरिएका छन्। त्यसैगरी सदस्यहरु सुशील राजवंशी, धर्मेन्द्र राजवंशी, कृष्ण राजवंशी, श्रवण राजवंशी चयन भएका छन। समितिको सल्लाहकारमा देवराज राजवंशी, राजेश कुमार राजवंशी, बालदेव राजभर, शिव नारायण मण्डल रहेका छन्।

सो भेलामा ग्रामथान संरक्षण समिति मोरङ उपाध्यक्ष राजकुमार राजवंशी, सोमन लाल माझी, ग्रामथान संरक्षण समिति विराटनगर महानगरपालिका अध्यक्ष तिलक राजवंशी सह-सचिव पन्नालाल राजवंशी लगायतको उपस्थिती रहको थियो।

तदर्थ समितिको अध्यक्ष सेवक नारायण राजवंशीले सुनसरी र मोरङमा रहेको ग्रामथानहरु संरक्षणको लागि गाउँपालिका स्तरी समितिहरु बिस्तार गरी ग्रामथान संरक्षणमा सबै जातजाती भाषाभाषी लाग्नु पर्ने वताए।

## कोशी प्रदेश...

खापुङ तथा राज्यमन्त्रीलाई मुख्यमन्त्री कार्कीले पद तथा गोपनियताको सपथ गराए हुन्।

राज्यमन्त्रीहरुमा आर्थिक मामिला तथा योजना राज्यमन्त्रीमा इन्दिरा थापा र आन्तरिक मामिला तथा कानुन राज्यमन्त्रीमा सुनिता कुमारी गुरूङ (राम) नियुक्त भएका छन्।

यसअघि आन्तरिक मामिला तथा कानुनमन्त्रीमा शम्शेर राई, पर्यटन, वन तथा वातावरण मन्त्रीमा गणेश उप्रेती र भौतिक पुर्वाधार विकास मन्त्रीमा कमलप्रसाद जबेगु नियुक्त भईसकेका छन्। कोशी प्रदेशको मन्त्रिपरिषद् १० सदस्यीय भएको छ।

# अंग्रेजी र नेपाली माध्यममा पढाएर विभेद किन ?

विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री केदनर कार्कीले विभेद अन्त्यका लागि दाताले आफ्नो सम्पत्ति दान गरेर बनाएको विद्यालयमा अंग्रेजी र नेपाली माध्यममा छुट्टाछुट्टै शिक्षा दिएर विभेद किन गरिरहेको भन्दै प्रश्न गराएका छन्।

साजिलाल माध्यमिक विद्यालय सुन्दरहरैंचा ६, दुलारीको ५८ औं वार्षिकोत्सवमा मुख्यमन्त्री कार्कीले विद्यालयको विद्यालयमा विभेद विरूद्धको विद्रोहको बीऊ किन रोपिरहेको भन्दै प्रश्न गरेका हुन्। झएउटै विद्यालयमा अंग्रेजी र नेपाली माध्यममा पढाएर अबोध बालबालिकाको मनमा धनी र गरीवविचको खाडल किन खनिरहेका छौं ?,ञ उनले भने, झविद्यालयमा पढ्ने विद्यार्थीहरूमा धनीका छोराछोरीले अंग्रेजी र गरीवका छोराछोरी नेपाली माध्यममा पढिरहेको कुण्ठा किन बढाइरहेका छौं, यो कुण्ठाले धनीबिरूद्ध विद्रोहको जग बनाउने अपराध सहय हुमँदैन।

गरिवको करले विभेदकारी शिक्षा दिन पाइन्छ भन्दै मख्यमन्त्री कार्कीले प्रश्न गरेका हुन्। झगरीवको करले चलेको विभेदकारी विद्यालयमा प्रदेश सकारले कुनै लगानी गर्दैन,ञ उनले भने, झसाजिलालले विभेद विरूद्ध विद्यालय स्थापन गर्नुभएको थियो तर अहिले त्यही विद्यालयमा विभेदकारी शिक्षा किन ?

भाषाले ज्ञानको मापन नहुने उनको भनाइ थियो। झअंग्रेजी राम्रो जान्नेले महिला हिंसालगायतका अपराध गर्दै हिँडेका छन् ,ञ मुख्यमन्त्री कार्कीले भने, झज्ञानको मापन व्यवहारबाट हुन्छ, सर्टफिकेटबाट हुँदैन।ञ अहिलेसम्म संसारमा मानव जीवन सहज बनाउने भए गरेका सिर्जना विद्यालय शिक्षा र किताबी ज्ञानले नभई प्रकृतिबाट शिक्षा लिएर मात्रै गरेको उनले बताएका हुन्।

अहिले विद्यालयका चौर र खेल मैदान मासेर सटर निर्माण भइरहेको देख्दा उदेक लागेर आउने गरेको मुख्यमन्त्री कार्कीले बताएका हुन्। झकिताबी ज्ञानभन्दा पनि प्राकृतिक र प्रयोगात्मक शिक्षाले मात्रै ज्ञान प्राप्त हुने गरेको हाम्रा शिक्षकले बुझ्नु आवश्यक छ,ञ उनले भने, झबजेट माग्न आउनेहरूले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि होइन, अनियमितत्ता गर्न भवन निर्माण र आफ्ना छोरी, बुहारीलाई नियुक्ति गर्न शिक्षक दरबन्दी माग्दै आउने गरेका छन्।

त्यसैले अहिलेको प्रदेश सरकारले सडकको योजना काटेर १० वर्षमुनिका बालाबालिकाको निःशुल्क उपचार, शैलजा आचार्य हृदयरोग केन्द्र, महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनलगायतका मानवीय विकासका योजना ल्याएर सडकको विकास गर्भमा पुर्याएको मुख्यमन्त्री कार्कीले बताएका हुन्।

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं।
- सुत्नु भन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं।
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं।
- हावाको उचित ओहोरदोहोर हुने गरीमात्र आगो वा हिटर बालौं।
- सकेसम्म बाथरूपमा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुल्ला राखौं

झ्याल ढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान समेत जान सक्दछ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिता मेयर तामाङ्गद्धारा उद्घाटन

धनकुटा। धनकुटा नगर पालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता मङ्गलबारबाट सुरु भएको छ। धनकुटा नगर पालिकाको संयोजनमा धनकुटा-६ सिरानबजारस्थित गोकुण्डेश्वर माध्यमिक विद्यालयले प्रतियोगिता आयोजना गरेको हो।

टुँडिखेलमा आयोजित कार्यक्रममा धनकुटा नगर पालिकाका प्रमुख चिन्तन तामाङले प्रतियोगिता उद्घाटन गरेका छन्। प्रतियोगिता उद्घाटन गर्दै नगर प्रमुख तामाङले खेलकुद क्षेत्रको विकासका लागि नगर पालिकाले सँधै सहयोग गर्ने धारणा राखे। उनले महा लक्ष्मीको दमारमा हुने जिल्ला स्तरीय प्रतियोगितामा सहभागिताका लागि जाने खेलाडीहरूलाई गाडीको व्यवस्था मिलाइदिने प्रतिवद्धता पनि जनाएका छन्। सो अवसरमा बोल्दै जिल्ला खेलकुद विकास समिति अध्यक्ष मनोज राई, एनप्याब्सनका प्रदेश अध्यक्ष राजन पौडेल लगायतले प्रतियोगिता सफलताको शुभकामना दिए।

प्रतियोगिता उद्घाटनका क्रममा टुँडिखेलमा विद्यार्थीहरूले मार्चपास गरेका थिए। दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा धनकुटा नगर क्षेत्रका १४ विद्यालयका विद्यार्थी हरू सहभागि रहेको आयोजक गोकुण्डेश्वर माध्यमिक विद्यालयका प्रधानाध्यापक यज्ञप्रकाश चापागाईंले जानकारी दिए। प्रतियोगितामा दौड, मार्सलआर्ट, भलिबल लगायत १४ प्रकारका खेल हुनेछन्।

## एक फरार...

महनगरपालिका- १६ स्थायी घर भई हाल ईटहरी उप-महानगरपालिका- १ आँपगाछी स्थित बस्दै आएका ३२ बर्षीय जोन भन्ने टार्जन मगरलाई पक्राउ गरेको छ।

पक्राउ परेका उनलाई सम्मानित सुनसरी जिल्ला अदालत उपस्थित गराईएको तोकिएको कैद तथा जरिवाना भुक्तानको लागि झुम्का कारगार पठाईएको छ।

NO SMOKING

खुशीको खबर ‼ खुशीको खबर ‼ खुशीका खबर ‼




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कोशीमा विरोध र असन्तुष्टी

कोशी प्रदेशको दोस्रो प्रदेशसभाको निर्वाचनपछि पहिलो पटक प्रदेश सरकारका सबैजसो मन्त्रालयले राजनीतिक नेतृत्व पाएका छन् । शुक्रबार भएको मन्त्रीमण्डल विस्तारसँगै कोशी प्रदेशसभाको दोस्रो कार्यकालमा मुख्यमन्त्री ३ जना बनेका छन् भने मन्त्री १७ र राज्यमन्त्री ६ जना बनेका छन् । प्रदेशका मुख्यमन्त्री केदार कार्कीले चार मन्त्री र दुई राज्यमन्त्री थप गर्दै मन्त्रीमण्डलको संख्या १० पुर्याएका छन् । जसमा स्वास्थ्य मन्त्रालयमा प्रदिपकुमार सुनुवार, उद्योग कृषि तथा सहकारीमा रामकुमार खत्री, खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयमा नारायण बुर्जा मगर, सामाजिक विकासमा राजेन्द्र कार्की, आर्थिक मामिला तथा योजना मन्त्रालयको राज्यमन्त्रीमा इन्दिरा थापा र आन्तरिक मामिला तथा कानून मन्त्रालयको राज्यमन्त्रीमा सुनिताकुमारी गुरुङ (राम) नियुक्त भएका छन् ।

कोशी प्रदेश सरकारको मन्त्री परिषद विस्तारसंग सत्ता गठबन्धन भित्रैवाट तिब्र विरोध र असन्तुष्टी चुलिएको छ । सत्ता गठवन्धन भित्रै रहेको नेकपा एकीकृत समाजवादी ( नेकपा एस) ले सहमति विपरीत सरकार विस्तार गरेको भन्दै सरकारको विकल्प खोज्ने सम्मको चेतावनी दिई रहेका छन् । त्यसैगरी नेपाली काँग्रेसकै मुख्यमन्त्री भएपनि पार्टी भित्रैबाट असन्तुष्टि शुरु भएको छ । काँग्रेस संसदीयल दलका नेताले नै सरकारलाई बोक्न नसक्ने भन्दै असन्तष्टि जाहेर गरी सकेको छ । त्यसैगरी कतिपयले कार्कीको सरकारलाई बेलगामको घोडाको संज्ञा दिएका छन् ।

कोशी प्रदेशको दोस्रो कार्यकालमा सरकार ढाल्ने र बनाउने कामले ३ जना मुख्यमन्त्री १७ जना मन्त्री र ६ जना राज्यमन्त्री बनिसकेको छ । यस्तो अवस्थामा प्रदेशका समृद्धिको सट्टा प्रदेश सरकार मन्त्री बनाउन समृद्ध भएको छ । सरकारले प्रदेशको विकासलाई वेवास्ता गर्दै सत्ताको लुछाचुडीमा लागेको छन् । कोशी प्रदेशमा सवभन्दा वढी सिट जितेका नेकपा एमालेलाई सत्तावाट वाहिर राख्ने गरी भएको लोभलालचको गठवन्धनले प्रदेशमा कहिले पनि समृद्धि हुन सक्दैन । प्रदेशका समृद्धिको लागि वढी सिट जितेको नेतृत्वमा सरकार गठन गरेमात्र प्रदेशमा समृद्धि आउन सक्छ अन्यथा लुछाचुडीमै ५ वर्ष खेर जाने पक्का छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुर्‍याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# गगनको संवादयात्रा र 'मिसन पिएम'

**जगन्नाथ दुलाल**

माघको कठ्याङ्गिदो चिसोमा नेपाली कांग्रेसका महामन्त्री एवं लोकप्रिय युवा नेता गगन थापा मेचीदेखि महाकाली 'जनसंवाद' यात्रामा छन् । अहिले केन्द्रीय सदस्य केशवकुमार बुढाथोकी को निधनको शोकमा स्थगित भएको संवादयात्रा केही दिनपछि पुनः सुरु हुने छ ।

समुदायमा कांग्रेस अभियान अन्तर्गत झापाको मेचीनगरबाट सुरु भएको संवादयात्राको क्रममा थापाले हुलाकी राजमार्ग क्षेत्रका नागरिकसँग भेटघाट र अन्तर्क्रिया गर्दै आएका छन् । मध्य तराई जोड्ने हुलाकी राजमार्गको दूरावस्था र कांग्रेसको दिशाहीनता अहिले विकास निर्माण र राजनीतिमा पर्याय जस्तै लाग्ने विम्ब बनेका छन् । दुवै मुलुकका लागि निर्विकल्प छन् तर समस्याका चाङले थिचिएका छन् । सायद यसैकारणले पनि हुनसक्छ, थापाले आफ्नो अभियानलाई कांग्रेस पार्टीको समुदायमा कांग्रेस अभियानसँगै जोडेका छन् ।

त्यसो त कांग्रेसको राजनीति बुझ्नेहरुका लागि मधेश पार्टीको मेरुदण्ड हो र मधेशी समुदायको सद्भाव पनि कांग्रेसप्रति नै देखिन्छ ।

गगनले कांग्रेसभित्र आफ्नो लोकप्रियताको ग्राफ करिब दुई दशकदेखि ओर्लिन दिएका छैनन् । ०६२/६३ मा नेविसंघ महामन्त्री रहँदै थापाले बनाएको 'सुन्नैपर्ने नेता' को छवि मातृ पार्टी कांग्रेसकै महामन्त्री भइसक्दासम्म पनि कायम छ । संवाद यात्रामा देखिएको नागरिकको उपस्थितिले त्यसलाई पुनर्पुष्टि गरेको छ ।

गगनलाई देख्न, सुन्न र सुनाउन इच्छुकहरुको भिडले अब नेतालाई सुन्दैनन् भनेर बनाउन खोजिएको भाष्यलाई गलत सावित गरिदिएको छ । राजनीतिमा लोकरिझ्याइँको चर्चा चुलिएका बेला गगनलाई सुनिनु भनेको कांग्रेस सुनिनु मात्र नभै मुलुकको राजनीति को मूलधारप्रतिको भरोसा मरेको छैन भन्ने सन्देश पनि हो ।

**जनसंवाद : निराशा चिर्ने यात्रा**

पार्टीका कार्यकर्ता र जनताका गुनासा-सुझाव सुन्न झापाको छोटी भन्सारबाट सुरु भएको दुई हप्ता लामो संवाद यात्रामा थापा झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी २१ जिल्ला पुग्नेछन् ।

२१ जिल्लामा जनता र ग्रासरुट तहका पार्टीका कार्यकर्ताका कुरा सुन्ने कार्यक्रम छ । बिहान ७ देखि बेलुका ९ बजेसम्म कार्यक्रम तय गरिएको भए पनि गगनलाई सुन्न र सुनाउन आउनेहरूको भीड बाक्लिंदा बेलुकी ११ बजेसम्म पनि थापा सक्रिय देखिएका छन् । काठमाडौंमा जन्मे हुर्केर यहिँ हुर्केबढेका गगनका लागि यो ठूलो राजनीतिक पुँजी हो । नेतालाई सुनाएर के हुन्छ र ? भन्नेहरूलाई जवाफ पनि हो रातको ११ बजेसम्म पनि थापाको कार्यक्रममा देखिएको जनसहभागिता ।

उनको यात्राको मूल उद्देश्य जनतासँग संवाद गर्ने नै हो । राजनीतिप्रति बढेको निराशा चिर्ने प्रयासमा पनि थापाको यात्रा केन्द्रित छ । यात्राले लक्ष्य कति पूरा गर्छ, त्यो अहिले नै भन्नु हतारो हुन्छ । तर, थापालाई सुन्न आतुर भिडको सन्देशचाहिँ नेपाली राजनीतिमा अर्थपूर्ण छ । थापालाई सुन्नेमात्र नभई उनलाई दिइएका सुझावहरु झनै अर्थपूर्ण छन् ।

केन्द्रमा कांग्रेस गुट-उपगुटको संघर्षमा छ । कार्यकर्ताहरू पनि नेताहरूको छिनाझपटीमा आजित छन् । यस्तो बेलामा महामन्त्री थापाको संवाद यात्रा कालो बादलमा चाँदीको घेराका रूपमा देखापरेको छ । पार्टीलाई माथिबाट (केन्द्रबाट अब गाउँतिर) तल फर्काउने अभियान भनेका छन् थापाले । वास्तवमा लोकतन्त्र भनेको त्यही हो । भुइँ तहका कुरा सुन्ने, आफूलाई सच्याउने र अघि बढ्ने । पार्टीलाई प्राण दिने कार्यकर्ता नै हुन्, जनता नै हुन् ।

तर, कांग्रेस एउटा भ्रमबाट आजित भएको धेरै भइसक्यो- गठबन्धन गरी सत्तामा पुग्ने । यो बाटोले कांग्रेसलाई सत्तामा पुर्‍याए पनि पार्टी जीवन भने कमजोर बनेको छ । यसको अनुभूति 'अभि नहि त कभी नहि' भनेर सत्ताका लागि बल्छी हानिरहेका कति नेतालाई होला ? कांग्रेसभित्रै छलफल होस् । तर, आउँदो चुनाव कांग्रेस आफ्नै बलमा लड्छ, गठबन्धन गर्दैन भन्ने सार्वजनिक उद्घोष गरेका महामन्त्री थापालाई भने पक्कै छ ।

संवाद यात्रा तत्काल केही प्राप्त गरिहाल्ने भन्दा त्यसका लागि कार्यकर्ता र नागरिकको मनोविज्ञान जाँच्ने एउटा प्रयास पनि हो । मधेशका जिल्लाहरूमा थापाले तय गरेको मार्गमा देखिएको जनविश्वासले पक्कै थापालाई थप ऊर्जा र आत्मविश्वास हासिल भएको छ ।

अहिले नागरिकमा राज नीति, राजनीतिक पार्टी र नेताप्रति चरम निराशा छ । यसमा थापाको स्वीकारोक्ति छ । निराशा चिर्न त्यसैले सक्छ, जोसँग नागरिकको आशा छ । यो मानेमा थापा कांग्रेसभित्र उपयुक्त पात्र हुन् । थापाको प्रयास सार्थक हुँदा उनको यात्रा मात्र सफल हुँदैन, समग्रमा नेपालको राजनीतिले त्राण पाउनेछ । जनतासँग टुटेको राजनीतिक दलहरूको संवाद र विश्वासले नयाँ सेतु प्राप्त गर्नेछ । गगनको यात्राले नेपाली राजनीतिमा जनतालाई सुन्ने परम्पराको थालनी हुनेछ ।

त्यसैले यो अभियान हुलाकी राजमार्गमा मात्र सीमित हुनुहुँदैन, पूर्व-पश्चिम महेन्द्र राजमार्ग, मध्यपहाडी लोकमार्गदेखि विकट बस्तीहरू सम्म पुग्नु आवश्यक छ । अहिले संवाद यात्रा २१ जिल्ला पुग्दैछ, यो ७७ जिल्ला पुग्नुपर्छ । देशकै पुरानो पार्टीको सांगठनिक नेतृत्व बोकेको नयाँ पुस्ताको नेताले जनता ब्युँझाउँदा त्यसले अन्ततः मुलुककै समुन्नतिमा नयाँ इँटा थप्नेछ ।

**कांग्रेसमा आशा**

गगन थापा, पार्टीगत रूपमा कांग्रेसका नेता हुन् । तर, थापालाई अरू पार्टीका नेता कार्यकर्ताले समेत आशाको नजरले हेर्छन् । स्वास्थ्यमन्त्री हुँदा थापाले बोल्न मात्र होइन, अवसर आउँदा काम गर्न पनि सक्छन् भन्ने प्रमाणित गरिसकेका छन् । नेपाली राजनीतिमा 'टेस्टेड एण्ड फेल' हरूको जगजगी रहँदा थापा 'टेस्टेड एण्ड पास' नेताका रूपमा हेरिन्छन् । अवसर पाए थापाले गर्छन् भन्ने विश्वासकै कारण थापासँग नागरिकको भरोसा छ । अहिले संवाद यात्रामा पनि थापासँग संवादमा सबै जोडिएका छन् । यो संवाद यात्राको सबैभन्दा सुन्दर पक्ष हो ।

जब राष्ट्रिय राजनीति र पार्टीमा संकट सिर्जना हुन्थ्यो, कांग्रेस संस्थापक बीपी कोइराला पनि जनतासँग संवाद गर्नुहुन्थ्यो । तल्लो तहबाट प्राप्त सल्लाह, सुझाव, आलोचना ग्रहण गरेरै बीपी आफूलाई परिष्कृत गर्नुहुन्थ्यो, शक्ति प्राप्त गर्नुहुन्थ्यो । बीपी कोइरालाले भन्नुहुन्थ्यो -'देशको बारेमा द्विविधा भएमा निर्णय लिनुपर्दा मातृभूमिको माटो एउटा हातमा समात्नुस्,

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६


### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# राम एक अर्थ अनेक (भाग २)


जय प्रकाश महतो

रामायणमा उल्लेख भएका कुराहरु मानव समाजको आज सम्म कायम रहेको छ। सर्बगुण सम्पन्न दशरथ पुत्र रामलाई सम्पुर्ण सत्य को रुपमा मानिन्छ। बिभिन्न समाजशास्त्रीहरु, संस्कृत विदहरु लगायतका अनेकौं प्रकारको विदानहरुले त्रेता युगको घटनालाई लिपिबध गर्न खोजिरहेका छन्। तर रामको बारेमा जति चर्चा गरेपनि कम हुदो रहेछ। समाजको हरेक क्षेत्रमा रामको गुण बारे चर्चा गर्न सकिन्छ। रामले स्थापित गरेको संस्कार, संस्कृति, व्यवहार, आचरण, राजनैतिक सभ्यता, राज्य संचालन गर्ने शैली, आर्थिक नीति, शैक्षिक नीति अहिले पनि अनुकरणीय छ।

रामले आफनो कार्यकालमा धेरै नयाँ कुराहरु जनहितको लागि शुरुवात गरेको पाईन्छ। राजा रामले समाजमा तल्लो जात मानिने सबरीको जुठो बैर खाएर जातिय भेदभावको अन्त गर्दै सामाजिक प्रेमलाई स्थापित गरेको छ। आर्दर्श पराक्रमी बुवा दशरथको आज्ञा पालन सहहुदय गरेर पारिवारिक अनुशासनलाई थप बलियो बनाएको छ। सौतेली आमालाई जन्म दिने आमा सरह वा त्यो भन्दा बढी स्नेह माया गरेको पुत्रको रुपमा आफनो अमूल्य परिचय दिएको छ। ३ आमाहरु, ४ दाजुभाईहरु र ८ पोता नातीहरु बिचको सम्बन्धलाई सुन्दर तरिकाले स्थापित गरी जनताको मनलाई जितेको छ। राजाहरुले एक भन्दा बढी विवाह गर्ने चलन वा राजकीय बहू विवाहलाई अन्त गर्दै सीतालाई बचन दिएको उल्लेख छ। यस्ता अनेकौं कार्यहरु छन् जसले राजा रामको व्यक्तित्व, छवी, दृष्टिकोणलाई स्पष्ट गरेको छ। रामको बारेमा जति लेखे पनि कम नै हुन्छ भन्ने हामी सबैले जानेका छौं। तर पनि केही कुरा तल चर्चा गर्न चाहान्छु।

पुराना कुरा जति सबैलाई सनातन धर्मको नेतृत्व कर्ताहरुले इतिहासको रुपमा मान्दछ भने केहीले किंवदन्तीको रुपमा मान्दछ। कतिपयले कथा कहानीको रुपमा बुझ्ने गर्दछ। तर अहिले आम रुपमा सनातनी धर्मको लागि आस्था र विश्वासको रुपमा मान्न सकिन्छ। इतिहास अध्ययन विज्ञान हो।

एउटारामको अनेकौं अर्थ हुनु आफैमा महत्वपुर्ण कुरा हो। विभिन्न शब्दकोशहरुमा यसलाई संकलन गरेको छ। ति कुराहरु जस्ताको त्यस्तै उल्लेख गरेको छु।

राम : अयोध्याका राजा दशरथ र उनकी पटरानी कौशल्याका जेठा छोरा, ईश्वर, भगवान, मर्यादा परुषोतम्, रघुनन्दन, रघुनाथ, रघुवर, कौशल्या नन्दन, अबधकुमार, राम चन्द्र, विष्णुको दश अवतार मध्येको एक

रामचन्द्र : अयोध्याको राजा इक्ष्वाकुवंशीय महा राज दशरथको पुत्र विष्णुको अवतार रामचरित : दशरथ पुत्र रामचन्द्रको जीवनी,

रामकुमार : कुश र लव।

राम कहानी : रामको जस्तो दुःखद कहानी भएको।

राम तिलक : वैष्णव हरुको टीका लाउन प्रयोग गर्ने चन्दन, रामराज्य,

राम दल : रामचन्द्रलाई सहयोग गर्ने वानरी सैन्य, नेपालका प्रहरीको पुरानो एक विभाग,

रामनवमी : रामको जन्म भएको दिन, चैत्र शुल्क नवमी तिथि, रामको जन्म भएको तिथि, राम फटाका : वैष्णवहरुले निधारमा लाउने ठाडो तीन धर्के टीका वा तिलक, श्रीतिलक,

रामवाण : रामले हानेको वाण जस्तै खेर नजाने वा तुरुन्त पुरा हुने, अचुक, अमोघ, रामले चलाउने वाण,

रामदुत : हनुमान, मित्र, सहयोगी, रामदास,

रामधाम : रामको धाम, पवित्र स्थान, ईश्वरको भुमि,

रामधनुष : रामको धनुष, ईन्द्रधनुष, शस्त्र,

रामभरोसा : रामभरोसे, रामको नामको आधार वा भरोसा,

रामरस : नुन, लवण, नमक,

रामरउस : रमाईलो, आनन्द, रामरमिता, धुमधाम, रमझम,

रामरगेडा : असाध्य परिश्रम, भर्को मेहनती,

रामरस : मनलाई सुख दिने बस्तुको उपभोग, सुखचैन,

राम सनेही : एक वैष्णव सम्प्रदाय, रामभक्त,

राम राज्य : देशका सबै जनतालाई सुखशान्ति परिपूर्ण हुने रामको जस्तो शासन व्यवस्था भएको आर्दश राज्य,

राम राम : भेटधाट वा विदावारीका क्षणमा भनिने एक किसिमको ढोगभेट जनाउने शव्द,

राम नाम : सत्यको प्रतिक,

रामा : रुपवति, सुन्दरी, लक्ष्मी, सीता, राधा, भार्या, पत्नी अर्थात स्त्रीलाई संकेत गर्ने।

रामायण : रामको चरित्र तथा कीर्तिको वर्णन भएको, रघुवंशको वंश चरित्र, इतिहास।

रामलीला : नाटक, कुनै उत्सवमा रामगाथाको बारेमा गर्ने अभिनय।

रामानुज : रामको भाई, सानोलाई संकेत गर्ने, वैष्णवपन्थ चलाउने दक्षिण भारतका एक प्रसिद्ध वैष्णवा चार्य।

रामेश्वर : भारतको दक्षिणी समुद्रको किनारामा अवस्थित स्वयम् रामचन्द्रले स्थापना गरेको मानिने स्थान, हिन्दूहरुको प्रसिद्ध चारधाम मध्ये एक।

रामोराम : किरिया खाँदा, किरिया हाल्दा प्रयोग गरिने शब्द, सत्तेसत्ते, धरोधर्म।

(स्रोत : निर्दैशक : बालकृष्ण पोखरेल, नेपाली बृहत् शब्दकोश, प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पेज १०७४ र डा. नरेन्द्र चापागाई, नेपाली शब्दभण्डार, पेज न. १०१३, प्रकाशक : श्याम पुस्तक भण्डार तथा आर.सी. पाठक, भार्गव आर्दश हिन्दी शब्दकोश, पेज ६५३, प्रकाशक : भार्गव बुक डिपो, वाराणसी, भारत)

रघु : रामायणका अनुसार सूर्यवंशी राजा दिलिप र रानी सुदिक्षिणाबाट जन्मेको पुत्र, रघुवंशका प्रसिद्ध पुरुष, रामको पूर्वज, रामको कुप्रा हजुर बुवा, प्रतापशाली राजा

रघुकुल : रघु महाराजबाट चलेको वंश परम्परा, राजा रघुको वंश, राजा रघु देखिका सूर्यवंशी राजाहरु

रघुवंश : रघु राजाबाट प्रवर्तन भएको वंशपरम्परा

रघुवंशी : रघुवंशमा उत्पन्न भएको, रघुकुलमा जन्मेको, रामका सन्तान वा पुर्खा, रघुका वंशमा उत्पन्न भएको, क्षत्रियको एक राजा वा वर्ग

रघुवर : राघवहरु मध्येमा श्रेष्ठ पुरुष, रामचन्द्र, रघुपति, रघुनायक, रघुनाथ, रघुराज, रघुवंशतिलक, रघुवंशशिरोमणि, रघुवर, रघुवीर, रघुनन्दन

रघुकुलतिलक : रघुकुलका शिरोभुषणका रुपमा रहेका रामचन्द्र

(स्रोत : निर्दैशक बालकृष्ण पोखरेल, नेपाली बृहत् शब्दकोश, पेज १०५४, प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र डा. नरेन्द्र चापागाई, नेपाली शब्दभण्डार, पेज न. ९९४, प्रकाशक : श्याम पुस्तक भण्डार तथा आर.सी. पाठक, भार्गव आर्दश हिन्दी शब्दकोश, पेज ६५३, प्रकाशक : भार्गव बुक डिपो, वाराणसी, भारत)।

रामको नामलाई आधार मानी अनेक प्रकारको शब्द सिर्जना भएको देखिन्छ। बर्तमान समाजमा पनि राम सत्य निष्ठालाई प्रतिनिधित्व गरिरहेको छ। यसलाई सबै सभा सम्मेलनमा चर्चा र छलफल गर्ने हो भन्ने नेपालमा यस जातिको संस्थागत पहिचान स्थापित हुनुको साथै मान सम्मान पनि बढने देखिन्छ। रामको अर्थलाई गहिरिएर अध्ययन गर्नु र त्यसको ब्याख्या गरे सकारात्मक समाजको पुनः स्थापना गर्न सकिन्छ।

शास्त्रीहरुले रामको बारेमा उल्लेख गर्दै "राम जगतको दर्शन हो, राम सत्यको प्रतिक हो, राम दृष्टिकोण हो, राम निष्ठा हो, राम अनुशासन हो, राम भावना हो, राम शस्त्र-शास्त्र हो, राम जीवन पद्धति हो, राम समाज परिवर्तनको बाहक हो, राम दर्शन विज्ञान हो, राम चिन्तक हो, राम अखिल विश्व हो, राम लोक नेता हो, राम संघर्षशिल एवं क्रान्तिकारी हो, राम नेतृत्व परिवर्तनको जननी हो, राम स्वतन्त्र आवाज हो, राम मातृभुमि पुजक हो, राम न्यायपालक हो, राम कुशल राजनीतिज्ञ हो, राम संकट मोचन हो, राम आर्दश पुरुष हो, राम आनन्द हो, राम मानव शास्त्र हो, राम मानव शस्त्र हो, राम दया एवं क्षमा हो आदी आदी" भनेका छन्। लेखक महतो भाषा संस्कृति प्रतिष्ठान, मोरंगका अध्यक्ष हुन्।

# दश वर्षिय बालिकाको जटिल शाल्यक्रिया सफल



विराटनगर। कटहरी गाउँपालिकाका एक रिसिदेव परिवारका १० बर्षिया बालिकाको नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलमा जटिल र ठूलो ब्रेन ट्यूमरको सफल शल्यक्रिया भएको छ।

विगत दुई महिना देखि टाउको दुख्ने र उल्टी हुने समस्या हुँदै विस्तारै शरिरको देब्रे भाग नचल्ने भई दुई दिनबाट पूर्णरुपमा ओच्छ्यान मै बेहोस रहेकी १० बर्षिया दिपिका ऋषिदेबलाई उपचारको लागि नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटलको आकस्मिक कक्षमा ल्याइएको थियो। विरामीको परीक्षणको क्रममा सिटि स्क्यानको रिपोर्ट अनुसार उनको टाउकोको दाहिने तर्फ ठूलो आकारको ब्रेन ट्यूमर भएको पत्ता लागेको थियो।

"विरामीको बुबा आमाले विरामीको अवस्थाको कारण आष मारिसकेका थिए" उपचारमा संलग्न प्रमुख न्यूरो सर्जन प्रा. डा. एडमण्ड जोनाथानले भने। उनका अनुसार नोवेलको न्यूरा सर्जरी राम्रो छ भन्ने सुनेर एक पटक जाँच गर्ने भनेर विरामीलाई ल्याएका रहेछन्। आर्थिक अवस्था पनि कमजोर र विरामीको अवस्था दिनानुदिन विग्रदै गएको कारण उनीहरुले थप उपचार गर्ने कि नगर्ने निर्णय गर्न सकेका थिएनन्। विरामीको अवस्था र उपचारको बारेमा विरामीको अभिभावकसंग छलफल पछि विरामीको उपचार अगाडि बढ्यो। विरामीको उपचारमा अस्पतालबाट छुट समेत उपलब्ध गरिएको उनले बताए।

शल्यक्रिया र उपचारमा संलग्न न्यूरो सर्जन डा. प्रमोद चौधरीले भने शरिरको अङ्ग चलाउने दिमागको भागमा नै ठूलो ट्यूमर पलाएको कारण विरामीको देब्रे भाग कमजोर हुन गएको थियो। शल्यक्रिया पछि विरामीको अवस्था ठिक छ तर देब्रे भाग अहिले अलि कमजोर छ। रिहाविलिटेशन चलिरहेको छ। विस्तारै सामान्य अवस्थामा आउनेमा हामी ढुक्क छौं।

बुबाले भने "पहिला मेरो छोरी अन्तिम अवस्था पुगिसकेको थियो। एक साइडको पुरै नचल्ने। धेरै ठाँउ देखायौं तर कही निको भएन। नोवेलले हामीलाई धेरै सहयोग गऱ्यो। यहाँ आए पछि अपरेशन सक्सेस भयो। अहिले मेरो नानीले हिड्ने, खाने, बस्ने गर्न थालेको छ। अस्पतालले डिस्काउण्ट पनि दिएको छ।"

डा. जोनाथानका अनुसार बालबालिकामा टाउको दुखी रहने उल्टी हुने र हात खुट्टामा कमजोरी आयो भने तुरुन्तै अस्पतालमा गई न्यूरोलोजी वा न्यूरोसर्जरी विभागमा देखाउनु पर्दछ। त्यस्तो विरामीहरुको सिटि स्क्यान गर्न जरुरी हुन्छ। अहिलेको अवस्थामा न्यूरो सर्जरी सुरक्षित छ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १



# संस्थाको सेवालाई प्रभावकारी बनाउन आग्रह




विराटनगर । आठ वटा वित्तीय संस्थाले आयोजना गरेको 'प्रादेशिक सदस्य सम्मेलनको प्रतिवेदन सार्वजनिक तथा लघुवित्तको समसामयिक विषयमा छलफल कार्यक्रमका प्रमुख अतिथी नेपाली कांग्रेसका नेता डाक्टर शेखर कोईरालाले लघुवित्त वित्तीय संस्था को सेवालाई अझ प्रभावकारी बनाउन आग्रह गरेका छन् ।

नेता कोईरालाले भने ६० लाख महिलासँग जोडिएको लघुवित्तको सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने बताएका हुन् । 'कल्पना गरौं आज लघुवित्त नभएको भए ती ६० लाख मानिस के गर्थे, कसरी बस्थे ? लघुवित्त यो देशमा चाहिन्छ, भन्ने मान्यता राखेर अगाडि बढ्नुपर्छ ।'

बैंकमा पहुँच नपुगेका गरिब तथा विपन्नको पहुँच लघुवित्तमा रहेको बताउँदै कमीकमजोरी भए सुधार गरेर अघि बढ्नुपर्ने बताए । 'गरिब भन्दा गरिब व्यक्तिले यसमा पहुँच पाउँछन्, त्यसलाई अझ बढी प्रभावकारी बनाउनु पर्ने वहाँको भनाइ थियो ।'

उनले उद्यमशीलता विकासका लागि लघुवित्तले विना धितो प्रवाह गर्ने ऋणलाई बढाउनुपर्ने पर्ने, 'धितो नलिएर पनि ऋण लगानी गरिरहनु पर्ने, त्यसको मेकानिजम तपाईं हरूले नै बनाएर गर्ने हो,'उनले भने,' ऋणसँगै सीप लघुवित्तले पनि दिनुभएको रहेछ, सीपलाई आजको दिनमा कस्तो चाहिन्छ त्यो कुरालाई ध्यान दिनुहोला ।' उनले उद्यमशीलता विकाससँगै बजारको व्यवस्थापनमा पनि सहजीकरण गरिदिन आग्रह गरेका थिए ।

मोरङ क्षेत्र नम्बर ५ का सांसद योगेन्द्र मण्डलले विपन्न नागरिकको घरसम्म पुगेर काम गरिरहेको लघुवित्तलाई एउटा समूहले गलत सावित गर्न खोजिरहेको बताए । लघुवित्तले उद्यमशीलताको विकाससँगै प्रसस्त रोजगारीको अवसर पनि सृजना गरिरहेको बताउँदै उनले लघुवित्तको संरक्षण गर्नुपर्ने बताए । सानोसानो पूँजीले उद्यमशीलता विकास हुने उनको भनाई छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको बजेट अहिले प्रभावकारी नभएको बताउँदै उनले लघुवित्त मार्फत गाउँसम्म पुर्याउन सके प्रभावकारी हुने बताए ।

कोशी प्रदेश सांसद गयानन्द मण्डलले लघुवित्तलाई प्रभावकारी बनाउन राष्ट्र बैंकले लघुवित्त संस्थालाई कम ब्याजदरमा ऋण दिएर ग्राहक सदस्यलाई कम ब्याजमा लगानी गर्ने बनाउनु पर्ने बताए । लघुवित्त संस्थाले कृषि क्षेत्रमा लगानीमा जोड दिनुपर्ने बताए ।

कार्यक्रममा प्रदेश सांसद ललिताकुमारी चौधरीले लघुवित्तले ग्रामीण क्षेत्रमा महिला सशक्तीकरणसँगै स्वरोजगार पनि बनाएको बताइन् । लघुवित्तको सेवालाई प्रभाव कारी बनाउन स्थानीय सरकारसँग समन्वय गरेर काम गर्नुपर्ने उनको भनाई छ ।

धनपालनाथ गाउँपालिका अध्यक्ष जीवछ गच्छदारले लघुवित्तका बारेमा देखाइए को नकारात्मक भ्रम चिर्न आवश्यक रहेको बताए । लघुवित्तले गाउँघरका महिलालाई स्वरोजगारसँगै साक्षर बनाएको बताउँदै उनले लघुवित्तको सेवालाई अझ प्रभावकारी रुपमा लैजानुपर्ने बताए ।

ग्रामथान गाउँपालिका उपाध्यक्ष गुणवती धामीले आफ्नो परिवारको प्रगति पनि लघुवित्तकै कारण भएको बताइन् । १४ वर्षयता लघुवित्तमा आवद्ध भएको बताउँदै उनले लघुवित्तकै कारण आफ्ना सन्तानलाई पढाएर घरघडेरी पनि जोड्न सकेको बताइन् । एक व्यक्तिले धेरै लघुवित्तमा कारोबार गरेका कारण समस्या भएको बताउँदै उनले ऋण मिनाहाको हल्लाको पछि नलाग्न आग्रह गरिन् ।

अर्थशास्त्री डाक्टर भेष प्रसाद धमलाले लघुवित्तले ग्रामीण क्षेत्रमा वित्तीय सेवासँगै महिला सशक्तीकरण पनि गरेको बताए । लघुवित्तले प्रवाह गरेको सानो सानो ऋणको सदुपयोग गर्नेहरूले आर्थिक प्रगति गरेको उनले बताए ।

कार्यक्रमको अध्यक्षसमेत रहेका जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डलले बजारमा फैलिएको ऋण मिनाहाको हल्लाले लघुवित्त संस्थाहरू प्रभावित भएको बताए । राज्यले ऋण मिनाहाको हल्लालाई चिर्न ठोस कदम चाल्नुपर्ने बताए । 'सरकार अहिले ऋण मिनाहा गर्न सक्ने अवस्थामा छैन सबैलाई थाहा छ,'उनले भने,' सरकारले गठन गरेको वार्ता समितिको निष्कर्ष पनि सार्वजनिक गरिदिनुपर्छ ।

लघुवित्त नहुँदा गरिब नागरिकलाई काम गर्न गाह्रो हुने बताए । 'ऋण भनेको जनताको पैसा हो, जनताको पैसा नतिर्न भन्नु वित्तीय अपराध हो, उनले भने ऋण नतिर्न उकास्ने जो कोहीलाई कानुनको दायरामा ल्याउनु पर्छ ।

लघुवित्तमा काम गर्ने कर्मचारी विपन्न वर्गबाटै आएको बताउँदै उनले कर्मचारीको मोरल डाउन हुन नदिन सबै पक्षले भूमिका निभाउनु पर्ने बताए । लघुवित्तले सामाजिक उत्तरदायित्व सहित पारदर्शी रुपमा काम गरिरहेका उनले बताए । कार्यक्रममा लघुवित्त बाट ऋण लिएका उद्यमीहरूले आफ्नो सफलताको कथा सुनाएका थिए ।

# चाँदीको गरगहना सहित भारतीय नागरिक पक्राउ

दिलीप अग्रवाल

रंगेली । मोरङको रंगेली नगरपालिका वडा नंम्बर ७ कलीमन्दिर चोक स्थित मुख्य बजारबाट चाँदीको गहना सहित भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

आमबारी जाने बस को. १ ख ३२११ नवम्बर को यात्रु बसमा रंगेली नगरपालिका ५ धनापट्टी बोर्डरबाट एक जना भारत जिल्ला अररिया आम गाछि पञ्चायत वडा नं १३ बस्ने वर्ष २२ को मोहमद अल्ताफलाई गोप्य सूचना को आधारमा नियन्त्रणमा लिएको हो ।

अल्ताफले सुनबर्षी नगरपालिका ५ भेडवाथान स्थित बसमा अवैध रुपमा चाँदी लुकाई छिपाई लागेको गोप्य सूचना को आधारमा शंका लागि इलाका प्रहरी कार्यालय रंगेलीवाट खटाइएको प्रहरी टोली लेचेक जाँच गर्ने क्रम मा अल्ताफले बोकेको झोलावाट चाँदीको पाउजु ६९ जोडी, चाँदीको लोटा २५ थान ,चाँदी को कलश ६ थान गरी २ के.जी ५४८ ग्राम चाँदी को सामान फेला परेको र थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यलय रंगेली का प्रहरी निरिक्षक बुद्धिराम चौलागाई ले बताए ।

# हरिणको सिङ र लागुऔषध गाँजा सहित महिला पक्राउ

रंगेली । लागुऔषध गाँजाव र हरिणको सिङ सहित एक जना महिलालाई प्रहरीले पक्राउ गरको छ । पक्राउ पर्नेमा मोरङको रंगेली नगरपालिका वडा नं. ७ निचामारी टोल बस्ने वर्ष ५५ की सागर देवी रहेकी छिन् ।

विषेश सूचनाको आधार मा इलाका प्रहरी कार्यालय रंगेलीका प्रहरी निरीक्षकको टोलीले सागर देवीको घरवाट गोप्य नियन्त्रण मा लिएको हो ।

उनको शरीर तथा घर खानतलासी गर्ने क्रममा लागू औषद गाँजा १केजी ६९७ ग्राम र अवैधरुपमा लुकाई छिपाई राखेको ४ थान हरिण को सिङ जस्तो देखिने वस्तु फेला परेको प्रहरीले जनाएको छ ।

सागर देवीलाई लागु औषध तथा वन ऐन सम्बन्धी मुद्दा दर्ता गरिएको र थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यलय रंगेली का प्रहरी निरिक्षक बुद्धिराम चौलागाईले बताए ।

# लागुऔषध सहित चार पक्राउ

विराटनगर । झापा, मोरङ र उदयपुर जिल्लाको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषधको खरिद बिक्री तथा कारोवार भई रहेको छ भन्ने विशेष सुचनाको आधारमा अस्थाई प्रहरी पोष्ट ईटाभट्टाबाट खटिएको प्रहरी टोलीले मेचिनगर नगरपालिका(८ बाट स्थानीय ४० वर्षीय काली बहादुर तामाङलाई ५ सय १० मिलिग्राम ब्राउन सुगर सहित बुधवार पक्राउ गरेको थियो ।

त्यसैगरी उदयपुरको त्रियुगा नगरपालिका(६ का ३१ वर्षीया उषा चौधरीले त्रियुगा(१३ पिजि चोक स्थित संचालन गर्दै आएका उषा औषधी पसलमा प्रतिबन्धीत औषधी प्रेगाविलिन, डाईक्लो नाइन, लोराजपाम, क्लोना जापाम र क्लोजा गरि जम्मा ४३० ट्याब्लेट फेला पारी संचालक चौधरीलाई समेत जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

अस्थाई प्रहरी पोष्ट बगाहबाट खटिएको प्रहरी टोलीले फेनारागन, डाईजेपाम, ब्रुपिनोर्फिन र नाईट्रोजन गरि २० एम्पुल औसधी सहित त्रियुगा(४ का ३१ बर्षीय किरण अधिकारीलाई प्रक्राउ गरेको थियो ।

मोरङको कटहरी गाउँपालिका(६ का कपिलदेव सहनीको घर कोठाबाट अबैध गाँजा बिक्री वितरण भईरहेको छ भन्ने विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले कोठा खानतलासी गर्दा ५ के.जी. ५०० ग्राम गाँजा बरामद गरेको थियो । गाँजा बरामद संगै सहनीलाई नियन्त्रणमा लिई सोधबुझ गर्दा कटहरी(४ का ३३ वर्षीय सोहनी सहनी समेत बेचबिखानमा संलग्न रहेको भन्ने खुल्न आएसगै निजलाई समेत १ के.जी. गाँजा सहित पक्राउ गरेको थियो । पक्राउ परेक उनिहीरुको सम्बन्धमा थप अनुसन्धान सम्पन्धी प्रहरी चौकीहरले गरी रहको छ ।

# बिरामीलाई फलफूल वितरण, कार्यालय पनि उद्घाटन

धनकुटा । प्रेस चौतारी नेपालको २६ औं स्थापना दिवसको अवसर पारेर सोमबार धनकुटामा बिरामी लाई फलफूल वितरण र प्रेस चौतारी धनकुटाको कार्यालय उद्घाटन गरिएको छ ।

स्थापना दिवसको अवसर मा प्रेस चौतारी धनकुटाले जिल्ला अस्पतालका बिरामी लाई फलफूल वितरण गरेको हो ।

अस्पतालको इमर्जेन्सी र वार्डमा भर्ना भएका बिरामीलाई स्वास्थ्यलाभको कामना गर्दै स्याउ, सुन्तला, अंगुर, फ्रुटी लगायत वितरण गरिएको प्रेस चौतारी धनकुटाका अध्यक्ष रबिन कटेलले जानकारी दिए । सो अवसरमा एमाले अध्यक्ष एवं प्रदेश सभा सदस्य इन्द्रमणी पराजुली, प्रेस चौतारीका केन्द्रिय सदस्य सन्तोष रुचाल, निर्वाचन आयोग सदस्य मानवी तामाङ, प्रदेश कमिटी सदस्य नारायण कुमार आठपहरिया, जिल्ला कमिटीका सल्लाहकार हरू भेषराज कटेल, रमेशचन्द्र अधिकारी, जिल्ला अध्यक्ष कटेल लगायतले बिरामीलाई फलफूल प्रदान गरेका थिए ।

पत्रकार महासंघका जिल्ला अध्यक्ष नगेन्द्र राई, उपाध्यक्ष विदुर खवास, सचिव हरि बहादुर लम्जेल, सहसचिव ईश्वर थापा, फोनिजका प्रदेश अध्यक्ष सन्तवीर लामा, जिल्ला अस्पतालका प्रमुख डा.अमिताभ ठाकुर लगायतले पनि बिरामीलाई फलफूल वितरण गरेका थिए ।

यसैबीच, स्थापना दिवस कै अवसर पारेर धनकुटा नगरपालिका-७ मा प्रेस चौतारी जिल्ला कमिटी धनकुटाको कार्यालय पनि उद्घाटन गरिएको हो । प्रेस चौतारीका केन्द्रिय सदस्य रुचाल र जिल्ला अध्यक्ष कटेलले संयुक्त रुपमा रिबन काटेर औपचारिक रुपमा कार्यालय समेत उद्घाटन गरेका थिए ।

सो अवसरमा बोल्दै केन्द्रिय सदस्य रुचाल, सल्लाहकारद्वय अधिकारी, कटेल लगायतले कार्यालय उद्घाटन गरेर प्रेस चौतारी धनकुटाले सङ्गठनलाई थप व्यवस्थित बनाउने काम गरेको भन्दै सफलताको शुभकामना दिए । प्रेस चौतारी, पत्रकारहरूको अग्रणी संगठन हो । धनकुटामा ५६ जना सञ्चारकर्मी प्रेस चौतारीमा आवद्ध छन् ।

बेटाबेटी मे भेदभाव नै करू, दोनोके स्कूल भेजु ।

# स्थापना दिवसको अवसरमा पत्रकार सम्मानित

विराटनगर । प्रेस चौतारी नेपालको २६ औं स्थापना दिवसको अवसरमा प्रेस चौतारी नेपाल मोरंगले एक जना महिला पत्रकारलाई सम्मानित गरेका छन् ।

स्थापना दिवसको अवसर पारेर कृष्ण प्रसाद सिग्देल यूवा पत्रकारीता पुरस्कार मोरंगको रतुवामाई नगरपालिकाको इटहरामा रहेको सुनाखरी एफएममा आवद्ध रहेकी रञ्जना अधिकारीलाई १५ हजार नगद सहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मानित गरेको हो ।



प्रेस चौतारी नेपालको २६ औं स्थापना दिवस एंव कृष्ण प्रसाद सिग्देल यूवा पत्रकारीता पुरस्कार समर्पण समारोहका प्रमुख अतिथी नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले देश गठबन्धनको बन्दी बनिरहेको आरोप लगाएका छन् । गठबन्धनका कारण देश अस्तव्यस्त र उकुसमुकुस भएको वताउँदै सरकारले सुशासनका नाममा विभिन्न खाले सम्झौता गरिरहेको समेत आरोप लगाए ।

कार्यक्रममा प्रेस चौतारीका केन्द्रीय सचिव बिक्रम लुईटेलले पत्रकार हरुलाई काममा प्रतिवद्ध हुन सुझाव दिएका छन् । पछिल्लो समय पत्रकारिता क्षेत्रमा समाचार लेख्नेभन्दा पनि नेतागिरी गर्नेको संख्या बढिरहेको बताउँदै लुईटेलले श्रमजिवी पत्रकारहरु जागरुक भएर अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा एमाले केन्द्रीय सदस्य जीवन घिमिरे, एमाले नेता विनोद ढकाल, पत्रकार महासंघ कोशीका महासचिव विवेक गौतम लगायतको उपस्थिति रहेको थियो ।

सो कार्यक्रम प्रेस चौतारी नेपाल मोरंगका अध्यक्ष सुदिप कोईरालाका अध्यक्षतामा सम्पन्न भएको थियो ।

# सीएचसी डिजिटल प्रविधी सम्बन्धी अभिमुखिकरण



विराटनगर । जीवन विकास समाजले सीएचसी डिजिटल कृषि यन्त्रहरुको बारेमा सहकारीका सदस्यहरुलाई एक दिने अभिमुखिरण तालिम दिएका छन् ।

जहदा गाउँपालिकामा गरिएको अभिमुखिकरणमा सीएचसी सेवालाई विस्तार गर्ने उदेश्यले किसानहरुको कृषि उत्पादमा लाग्ने खर्च घटाउने, उत्पादन गर्ने, कृषिमा यन्त्रीकारण गरी मजदुर अभावलाई कम गरी कृषि उत्पद बढाउने लगायतको बारेमा छलफल गरिएको थियो ।

नेपाल मै पहिलो पटक सीएचसी सेवालाई डिजिटल सेवाबाट प्रदान गरी नेपालमा रहेको अन्न बाली मकै उत्पादनमा देखिएको मुख्य चुनौती, समस्या र समाधान गर्ने प्रयास बारे समेत छलफल भएको थियो । सानाठुला किसानलाई सीएचसी सेवा प्रदान गर्ने गरी कृषि उत्पाद कसरी पढाउन बारे जीवन बिकास समाजकी अध्यक्ष रिबोल देवी मन्डलले सहकारी सदस्यहरुलाई जानकारी गराएका थिए ।

जीवन बिकास समाजको आयोजना भएको अभिमुखिकरणमा जहदा गाउँपालिका, धनपालथान गाउँपालिका, ग्रामथान गाउँपालिका र रंगेली नगरपालिकामा संचालन रहेको स्थानीय कृषि सहकारीका सदस्यहरुलाई कस्ट्म हायरीगका सेवाको बारेमा कस्ट्म हायरीग सेन्टरका प्रमुख टिका बिसुन्के र गोपाल साह लगायतले जानकारी गराउँदै कृषि यन्त्र परीक्षण समेत गरेको थिए

## गगनको...

अर्को हात छातीमा राख्नुस्, एकाग्र भएर सोच्नुस् अनि मनमा जे आउँछ त्यही निर्णय गर्नुहोस् ।' कोइरालाको यो भनाइको सार जमिनलाई सुन भन्ने पनि हो । थापाले संवादयात्राबाट त्यही पदचाप पछ्याउन खोजेका छन् ।

'समुदायमा कांग्रेस अभियान'का क्रममा सप्तरीको भेला ।

इतिहास बोकेका, देशमा योगदान गरेका दलहरू अब काम छैन भनिएका बेला थापाले एउटा हिम्मत गरेका छन् । जनतालाई निराश नहुन अपील मात्र गरिरहेका छैनन्, नयाँ आशा जगाउन प्रयास पनि गरिरहेका छन् । दल र नेताप्रति नागरिकमा रहेको आक्रोश, असन्तुष्टि र निराशा चिर्ने भन्दा दलहरू संवादबाट भागिरहे । जसकारण नागरिकले वैकल्पिक दलतिर नजर लगाए । यो कटु सत्य हो । यसलाई चिर्न पनि दलभित्रबाट नागरिकसँग टुटेको संवादमा जुट्ने साहस स्वागतयोग्य छ ।

पार्टीभित्र बढिरहेको डनवाद र धनवादले कांग्रेसका इमानदार कार्यकर्ता अहिले निराश छन् । उनीहरूमा उत्साह भर्न पनि थापाको संवाद यात्राले सक्नुपर्छ । नागरिकमा सकारात्मक सन्देश सँगै नयाँ आशा जगाउन सक्नु पर्छ । जनजीविकासँग जोडिएका विषयहरूमा थापाले आफ्नो प्रष्ट दृष्टिकोण राखिरहेका छन् । जसलाई नागरिकले ध्यानपूर्वक सुनेको देखिन्छ । यो अत्यन्त सकारात्मक विषय हो ।

थापाको सक्रियता लोभ लाग्दो देखिन्छ । प्राज्ञिक र बौद्धिक वर्गले पनि थापाको संवाद यात्रालाई चासोका साथ हेरेको छ । कार्यक्रमको प्रारम्भकै दिन अर्का महामन्त्री विश्वप्रकाश शर्माको ढाडस र अर्का आशा गरिएका नेता प्रदीप पौडेलले जसरी उत्साह भर्ने काम गरेका छन्, यसले कांग्रेसको नयाँ पुस्ता पुरानो पुस्ताको गल्ती दोहोर्‍याउन तयार छैनन् भन्ने देखाउँछ । भाषण होइन यात्राको नाम जस्तै पार्टीका कार्यकर्ता, शुभेच्छुक र नागरिकसँग संवाद गर्दै उनीहरूको सुझाव सुन्न थापालाई उनीहरूको सुझाव पनि छ । थापाको यात्राले दलप्रतिको गुनासो, आलोचना र वितृष्णालाई सकारात्मक रूपान्तरण गर्नेमा बौद्धिक तह आशावादी छ । थापाले कार्यकर्ता, जनतासँगै उनलाई नजिकबाट हेरिरहेका प्राज्ञिक बौद्धिकहरूलाई पनि सुनेर अघि बढुन् ।

भिजन र मिसनमा प्रष्ट

समकालीन नेताहरूमा गगन आफ्नो लक्ष्यमा प्रष्ट नेता हुन् । परिवर्तित सन्दर्भमा कांग्रेसले अनुसरण गर्नुपर्ने सिद्धान्त, विचार र नीतिबारे गत साउनको केन्द्रीय समितिको बैठकमा ४१ पृष्ठ लामो दस्तावेज प्रस्तुत गरेर कांग्रेसलाई सामाजिक लोकतन्त्रको बाटोमा हिँडाउन खोजेका छन् उनले ।

सामाजिक लोकतन्त्रको कोरा गफ मात्र होइन थापाले स्पष्ट दृष्टिकोणसहितको अवधारणा अघि सारेका छन् । 'समुन्नत नेपाल अब हाम्रो पार्टीको कार्यसूची हो, राष्ट्रिय संकल्प हो । समुन्नत नेपालको परिकल्पना साकार पार्नका लागि सामाजिक लोकतन्त्र हाम्रो सिद्धान्त हो,' थापाको अवधारणा प्रष्ट छ ।

महासमिति बैठक अगाडि जनसंवाद यात्राबाट प्राप्त सुझावले थापालाई महा समिति बैठकमा आफ्नो दस्तावेज निर्माणमा पक्कै आवश्यक सल्लाह मिल्नेछ । परिष्कृत आफ्नो धारणा सहित थापाले आफ्नो अवधारणा महासमिति बैठकमा लैजान सक्दा यात्राको सान्दर्भिकता थप बढ्नेछ ।

पार्टीको अबको बाटो मात्र होइन भावी प्रधान मन्त्रीका रुपमा देश कसरी चलाउने भन्ने तयारीमा पनि छन् थापा । त्यसका लागि उनले 'मिसन पिएम'को तयारी पनि सँगसँगै गर्दैछन् । नेता कुहिरोको काग होइन, ऊ त दूरद्रष्टा हो । त्यही योजनासहित हिँड्ने प्रष्ट अवधारणा बोकेको चतुर नेताको रुपमा देखिन्छन् गगन । त्यसैले गगनको यो संवादयात्रा मिसन पिएमको एउटा कडी हो भनेर बुझ्न गाह्रो छैन ।

**गगन-विश्व केमेस्ट्री**

कांग्रेसको १४ औं महाधिवेशनले महामन्त्रीमा गगन-विश्वलाई निर्वाचित गर्‍यो । त्यसपछि धेरैलाई लागेको थियो, अब दुई नेताबीच लडाइँ सुरु हुन्छ । तर, सनातनी नेताभन्दा उनीहरू भिन्न देखिएका छन् । सहकार्यको संस्कृतिमा उनीहरू अभ्यस्त हुँदैछन् । संसदीय दलको नेताका रूपमा गगनलाई विश्वप्रकाशले बलियो साथ दिए ।

अर्का लोकप्रिय नेता प्रदीप पौडेल पनि गगन-विश्वकै साथमा उभिए । संसदीय दलको चुनावमा आफ्नो 'कम्फर्ट जोन' छोड्ने प्रदीप पौडेलको निर्णय सामान्य होइन । व्यक्तिगत लाभ-हानि हेर्ने हो भने प्रदीपले उठाएको जोखिम कांग्रेसभित्र सामान्य होइन ।

संवाद यात्रामा देखिएको द्वय महामन्त्री, नेता प्रदीप पौडेल र अरू युवा नेताहरूको सहकार्य सकारात्मक छ । कांग्रेसको अबको भविष्य गगन-विश्व-प्रदीपकै पुस्ता हो । पूर्वबाट उदाएका अर्का नेता गुरुराज घिमिरे हुन् वा विकट बाजुराबाट उदाएका बद्री पाण्डे । कांग्रेसभित्र आशा गरिएका नेताहरू निराशा चिर्ने अभियानमा सक्रिय छन् । यो पुस्ता सफल हुँदा मात्रै कांग्रेस सफल हुनेछ । (दुलाल पत्रकार हुन् ।) अनलाईन खबरबाट


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

संतोष न्यौपाने (वडा अध्यक्ष)

विराटनगर महानगरपालिका वडा नं. ५ को कार्यालय


# मायाको चिनो प्रदान गरी संस्थाको वार्षिक उत्सव

**उषा सरदार**

बिराटनगर । महिलाहरुको संस्था जागृत महिला समाजले समाजिक काममा योगदान गर्दै आएको सामाजिक संघ संस्थाका प्रतिनिधीहरुलाई मायाको चिनो प्रदान गरेर संस्थाको पाँचौ वार्षिक उत्सव मनाएका छन् ।

समाजिक काम गर्ने उदेश्यका साथ पाँच वर्ष अगाडी संस्था स्थापना गरि जागृत महिला समाजले महिलाको सशक्तीकरण, उत्थान र आर्थिक रुपमा समपन्न बनाउने उदेश्यले समाजिक कार्य र समाज सेवा गर्दै आइरहेको संस्थाकी अध्यक्ष ममता यादबले बताईन ।

दक्षिणि भेगका मधेसी महिलाहरु अहिले पनि विभिन्न किसिमको शारीरिक, मानसिक र आर्थिक र पारिवारिक हिंसामा पर्दै आएकोले यस्ता हिंसालाई चिर्दै अगाडी बढाउन हौसला दिने उद्श्यले कार्यक्रमको आयोजना गरेको अध्यक्ष यादवको भनाई छ ।

अहिले पनि दक्षिणी भेगका मधेसी महिलाहरु अझै पनि चुल्हा चौकाबाट बाहिर आउन नसकेको भन्दै उनीहरुलाई माथी उठाउनका लागि समाजले विभिन्न क्षेत्रमा सहयोग गर्दै आईरहेको यादवको दावी छ ।

जब सम्म महिलाहरु आर्थिक रुपमा सक्षम हुँदैन तब सम्म विभिन्न किसिमको हिंसाको सामना गर्नु पर्ने बाध्यता रहेको भन्दै महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउन स्वरोगजार कार्यमा राज्यले आवद्ध गराउनु पर्ने माग गरेकी छिन् ।

महिलाहरूलाई सशक्त बनाउन विभिन्न सामाजिक कार्यक्रमहरु जागृत महिला समाजले गर्दै आईरहेका छन् । कार्यक्रममा मकालु टेलीभिजनकी सम्वाददाता उषा सरदार सहित सामाजिक क्षेत्रमा योगदान पुर्‍याउने एक दर्जन भन्दा बढी महिलाहरुलाई आयोजक संस्थाले मायाको चिनो प्रदान गरेको थियो ।

NO SMOKING